"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति: २०७९/०१/२५

### हार्दिक आभार एवं कृतज्ञता

मुलुक संघीयतामा प्रवेश गरेपछिको पहिलो नगर प्रमुखको रुपमा महालक्ष्मी नगरपालिकामा नेतृत्व प्रदान गरेको पाँच वर्ष पूरा हुन लागेको छ। यस अवसरमा सम्पूर्ण आदरणीय नगरवासी बुबा, आमा, दाजु, भाइ, दिदी बैनी सबै सबैमा आभार सहित नमन गर्दछु । लोकतान्त्रिक प्रणालीको आधारभूत मान्यता रहेको आवधिक निर्वाचनबाट नयाँ जनप्रतिनिधि आउने संघारमा हामी उभिएका छौं। पहिलो नगर प्रमुख भएर काम गरेको पाँच वर्ष पूरा हुनै लाग्दा म केही दिनदेखि नियमितरुपमा जनताको घरदैलोमा पुगिरहेको छु। घरदैलोमा पुग्दा जनताबाट प्राप्त अपार माया, स्नेह र सद्भावले मलाई भावविह्ल र आगामी दिनमा नगरप्रतिको जिम्मेवारी, दायित्व र खबरदारीका लागि अझै उत्प्रेरित गरेको छ। पहिलो नगर प्रमुखको रुपमा आफ्नो कार्यकाल पूरा हुनुअघि मेरो नेतृत्वको कार्यकालमा भएका कामहरुको विस्तृत जानकारी केही दिनपछि विस्तृत रुपमा सार्वजनिक गर्नेछु। तर, यही बीचमा मैले आदरणीय नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुलाई सम्झिरहेको छु। नगरबासी आदरणीय मतदाताको घरमा पुगिरहँदा जनस्तरबाट जुन खालको सद्भाव व्यक्त भयो, त्यसले वास्तवमै मेरो कार्यकालको उचित मूल्यांकन गरेको ठानेको छु। जनप्रतिनिधि विहीन भएको लामो समयपछिको निर्वाचनबाट आउँदा नगरपालिकामा जुन अवस्था थियो त्यसमा ठूलो परिवर्तन भएको छ। भौतिक पूर्वाधार तथा नगरपालिका सञ्चालनका लागि कानूनी अस्तव्यस्तताबीच नगरको जिम्मेवारी लिएको थिएँ। पाँच वर्षपछि कानूनी प्रबन्धहरु गरिएका छन् भने भौतिक पूर्वाधारका क्षेत्रमा पनि उल्लेख्य उपलब्धीहरु हासिल भएका छन्। समग्रमा भन्दा हामीले जग बसाल्ने काम गरेका छौं। अब आउने जनप्रतिनिधिले वास्तवमै सहज ढंगले काम गर्न सक्नुहुनेछ। मुख्य प्रशासनीक भवन निर्माणका लागि काम भएको छ, कतिपय वडा कार्यालयहरु आफ्नै भवनमा सरिसकेका छन् भने बाँकीका निर्माण कार्य भइरहेका छन्। नयाँ नगरपालिका, बसाइँ सराइको तीव्र दबाबबीच नगरपालिकाले बाटोघाटो सहितका भौतिक पूर्वाधारमा अभूतपूर्व सफलता हासिल गरिरहेको छ। सबै ठूला साना बाटो अब धमाधम कालोपत्रे हुने क्रममा छन्। खानेपानी, स्वास्थ्य, शिक्षा, पर्यटन पूर्वाधार र धार्मिक सम्पदाको संरक्षण र प्रवद्र्धनका क्षेत्रमा भएका विकास र प्रगतिहरु तथ्यांकले नै स्पष्ट बनाउने छ। निर्वाचित भएपछिको पहिलो नगर सभाबाट 'स्वच्छ, सफा, समृद्ध, सुन्दर–महालक्ष्मी नगर' को दीर्घकालीन लक्ष्य तय गरी नगरको समग्र विकासको कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो। यसबीचमा नगरपालिकाले तय गरेका आर्थिक, सामाजिक, सांस्कृतिक एवम् भौतिक विकासका पूर्वाधारहरु तयार भएका छन्। नगरको आर्थिक तथा पर्यटकीय पूर्वाधारहरुको विकासले गति लिएको छ। नगरपालिकाले यस अवधिमा विभिन्न क्षेत्रमा देशकै अग्रणी मानक स्थापित गरेको छ। मानव मलमूत्र व्यवस्थापन, नक्सा फारममै डिजाइनमा समेत उल्लेख गरेको सिल्ड सेफ्टीट्यांकी, शिक्षा क्षेत्रतर्फ छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण, प्रयोगात्मक परीक्षा र परियोजनामा आधारित शिक्षण सिकाइ निर्देशिकाको कार्यान्वयन, स्थानीय

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

पाठ्यक्रम र पाठ्यपुस्तक लागू, प्राविधिक शिक्षाको विस्तार, नगरभित्रका संस्थागत विद्यालयमा स्थानीयलाई अनिवार्य रूपमा १० प्रतिशत छात्रवृत्ति, गरीब, दलित र जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति, श्रम बैंक कार्यान्वयन, नगर प्रमुख उद्यमशीलता विकास कार्यक्रम सञ्चालन, सहभागितामूलक योजना सञ्चालन पुस्तिकाको कार्यान्वयन, डिजिटल नागरिक बडापत्रलगायत छन् । कृषि तथा पशु विकास, परम्परागत कला, संस्कृति संरक्षणका लागि भएका कामहरु उल्लेखनीय छन् । बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, विपन्न, दलित, पिछडिएका वर्ग र क्षेत्र लक्षित आर्थिक, सामाजिक विकासका काममा पनि उल्लेखनीय प्रगति भएका छन् । सुशासन अभिवृद्धि गर्न भएका प्रयासले आगामी दिनमा पनि निरन्तरता पाउने अपेक्षा गरेको छु । कोभिड–१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि नगरपालिकाले गरेको प्रयासबारे आम नगरबासीहरु जानकार नै हुनुहुन्छ । कोभिडमा आम जनता घरभित्र थुनिएकाबेला जनताको स्वास्थ्यका खातिर ठाउँठाउँ पुगेर नगरबासीको जीवनसुरक्षाका लागि गरेका प्रयास मेरो व्यक्तिगत जीवनमा पनि स्मरणीय रहनेछ । यही बीचमा आफू नै पटक पटक संक्रमित हुनुपर्ने अवस्था रह्यो । अन्त्यमा सहकार्य, सहयोग र सहभागीताका लागि सबै राजनैतिक दल, विकासका साझेदार सँस्थाहरु, सबै कर्मचारी मित्रहरु र सञ्चारकर्मीहरुलाई धन्यवाद दिन चाहान्छु, फेरि पनि आदरणीय मतदाताबाट प्राप्त सद्भाव र स्नेहप्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, ललितपुर